आकाशवाणी

26.01.2026

## 1.गणतन्त्र दिवस

आज देशभर ७७ औँ गणतन्त्र दिवस हर्षोल्लासका साथ पालना गरियो, जसको नेतृत्व राष्ट्रपति द्रौपदी मुर्मुले नयाँ दिल्लीको 'कर्तव्य पथ' बाट गर्नुभएको थियो । कार्यक्रमको सुरुवात प्रधानमन्त्री नरेन्द्र मोदीले राष्ट्रिय युद्ध स्मारकमा अमर सहिदप्रति श्रद्धाञ्जली अर्पण गरेर गर्नुभएको थियो । समारोहमा मुख्य अतिथिका रूपमा युरोपेली परिषद्का अध्यक्ष एन्टोनियो कोस्टा र युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयन उपस्थित हुनुहुन्थ्यो । **'स्वतन्त्रताको मन्त्र: वन्दे मातरम'** र **'समृद्धिको मन्त्र: आत्मनिर्भर भारत'** भन्ने मूल नाराका साथ आयोजित परेडमा स्वदेशी प्रविधिबाट निर्मित **अर्जुन ट्याङ्क, ब्रह्मोस** र **आकाश मिसाइल प्रणाली** जस्ता सैन्य शक्ति तथा १५० वर्ष पुगेको राष्ट्रिय गीत **'वन्दे मातरम'** मा आधारित विभिन्न राज्यका ३० वटा झाँकीहरू प्रदर्शन गरिए । राष्ट्रपति मुर्मुले भारतीय वायुसेनाका ग्रुप **क्याप्टेन शुभांशु शुक्लालाई 'अशोक चक्र'** बाट सम्मानित गर्नुभएको यस समारोहमा २,५०० भन्दा बढी कलाकारहरूको प्रस्तुति र २९ वटा लडाकु विमानहरूको भव्य **'फ्लाइपास्ट'** ले भारतको बढ्दो सामर्थ्य र विविध संस्कृतिलाई विश्वसामु उजागर गरेका थिए ।

## 2.गान्तोकमा ७७औँ गणतन्त्र दिवस भव्यताका साथ सम्पन्न:

देशका अन्य भाग झैँ सिक्किममा पनि आज ७७ औँ गणतन्त्र दिवस भव्य रूपमा पालना गरियो । राजधानीको पाल्जोर स्टेडियममा आयोजित मुख्य समारोहमा सिक्किमका राज्यपाल श्री ओम प्रकाश माथुर मुख्य अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो ।

समारोहमा सिक्किमका मुख्यमन्त्री श्री प्रेम सिंह तामाङ विशिष्ट अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो। राज्यपालले ७७ औँ गणतन्त्र दिवसको अवसरमा उपस्थित जनसमुदायलाई हार्दिक बधाई एवम् शुभकामना व्यक्त गर्नुभयो । कार्यक्रमलाई सम्बोधन गर्दै राज्यपाल श्री माथुरले संविधानका निर्माताहरूको दूरदर्शितालाई स्मरण गर्नुभयो । उहाँले भन्नुभयो यो दिन हाम्रा संविधान निर्माताहरूको परिकल्पनालाई स्मरण गर्ने र गणतन्त्रका मूल्यहरू प्रतिको हाम्रो अटल प्रतिबद्धतालाई पुन: पुष्टि गर्ने पवित्र अवसर हो । हामीले आज उपभोग गरिरहेको सार्वभौमसत्ता हाम्रा पुर्खाहरू र स्वतन्त्रता सेनानीहरूको ठुलो बलिदान एवं समर्पणबाट प्राप्त भएको र उहाँहरूको आदर्श भारत बनाउने सपनालाई साकार पार्नु हाम्रो कर्तव्य हो।

उहाँले भारतका गौरवशाली नागरिकका नाताले यी आदर्शहरूलाई जीवित राख्दै एक बलियो र समृद्ध राष्ट्र निर्माणमा एकजुट भएर लाग्नु आजको आवश्यकता रहेको पनि उल्लेख गर्नुभयो ।

राज्यपाल श्री माथुरले हाम्रा सिमानाहरूमा अहोरात्र खटिएर शान्ति र स्थिरता सुनिश्चित गर्ने वीर सुरक्षा बलप्रति गहिरो सम्मान प्रकट गर्नुभयो । उहाँहरूको सतर्कताले गर्दा नै हाम्रो संविधान र लोकतन्त्र सुरक्षित रहेको पनि उहाँले बताउनुभयो।

यसैगरी सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङले राज्यवासीहरूलाई सम्बोधन गर्दै सिक्किमको भविष्यका लागि एक विस्तृत मार्गचित्र प्रस्तुत गर्नुभयो । आफ्नो सम्बोधनमा मुख्यमन्त्रीले भारतका स्वतन्त्रता सेनानी र संविधान निर्माताहरूप्रति श्रद्धाञ्जली अर्पण गर्नुभयो । साथै, विगत पाँच दशकमा सिक्किम कसरी देशकै सबैभन्दा प्रगतिशील र वातावरणीय रूपमा जिम्मेवार राज्यको रूपमा विकसित भयो भन्ने कुरामा उहाँले जोड दिनुभयो ।

मुख्यमन्त्री तामाङले राज्यको विकासको गतिलाई आठवटा मुख्य स्तम्भ स्वास्थ्य, शिक्षा, सडक, सुरक्षा, सक्षम (सशक्तीकरण), सम्मान, स्वच्छता, र सम्पर्कहरूले डोऱ्याइरहेको बताउनुभयो। यी स्तम्भहरूले राज्यलाई पूर्ण 'सम्पन्नता' तर्फ लैजाने उहाँको विश्वास छ । उक्त विशेष समारोहमा राज्यपाल र मुख्यमन्त्रीको बाहुलीबाट विभिन्न क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तित्वहरूलाई पनि सम्मान प्रदान गरिएको थियो । मुख्यमन्त्रीले सबै पदक विजेताहरूलाई सलाम गर्दै आगामी दिनमा पनि इमानदारीका साथ जनताको सेवामा

लागिरहन सफलताको शुभकामना दिनुभयो । कार्यक्रममा मुख्य सचिव रवीन्द्र तेलङ्ग, एस.एस.बी (SSB), आईटीबीपी (ITBP), भारतीय सेनाका वरिष्ठ अधिकारीहरूका साथै केन्द्र र राज्य सरकारका उच्च अधिकारीहरूको उपस्थिति रहेको थियो।

यसैगरी लोक भवनमा आज ७७ औँ गणतन्त्र दिवस भव्यताका साथ पालना गरियो । लोकभवनमा आयोजित कार्यक्रममा राज्यपाल श्री ओम प्रकाश माथुरले राष्ट्रिय झण्डा फहराउदै सुरक्षाकर्मी र कर्मचारीहरूलाई शुभकामना दिनुभयो । यसै सन्दर्भमा आज सिक्किमका छ वटै जिल्लाहरू—गान्तोक, मङ्गन, नाम्ची, गेजिङ, सोरेङ र पाक्योङमा पनि ७७ औं गणतन्त्र दिवस भव्यताका साथ सुसम्पन्न भयो । राज्यका विभिन्न क्षेत्रहरूमा देशभक्तिपूर्ण भावनाका साथ विविध कार्यक्रमहरू आयोजना गरिए, जसले गणतन्त्रको गरिमालाई थप उचाइ प्रदान गर्‍यो।"

## 3.विजेताहरूको गौरवगान

सिक्किमका मुख्यमन्त्री श्री प्रेम सिंह तामाङले ७७ औँ गणतन्त्र दिवसको अवसरमा राष्ट्रपति पदकबाट विभूषित हुने राज्यका सुरक्षा अधिकारीहरूलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्नुभएको छ।

मुख्यमन्त्रीले विशिष्ट सेवाका लागि 'राष्ट्रपति पदक' (PSM) प्राप्त गर्नुहुने अतिरिक्त पुलिस महानिर्देशक (ADGP) अश्वनी कुमार चन्द, एवं सराहनीय सेवाका लागि 'राष्ट्रपति पदक' (MSM) प्राप्त गर्नुहुने गेजिङ जिल्लाका प्रहरी उपरीक्षक (SP) छिरिङ शेर्पा र सहायक उप-अग्नि सेवा अधिकारी दावा तामाङको मुक्तकण्ठले प्रशंसा गर्नुभयो।

विजेताहरूलाई बधाई दिँदै मुख्यमन्त्रीले भन्नुभयो:

"यी सम्मानहरू उहाँहरूको असाधारण व्यावसायिकता, साहस र कर्तव्यप्रतिको निष्ठाको गौरवपूर्ण पहिचान हुन्। यस्ता अनुकरणीय सेवाले सिक्किमका संस्थाहरूलाई मजबुत बनाउनुका साथै सार्वजनिक सुरक्षा र जनविश्वासलाई अझ सुदृढ पारेको छ।"

**3.भारतीय सेनाद्वारा लाचुङमा म्याराथन आयोजना:**

७७ औँ गणतन्त्र दिवसको अवसरलाई विशेष बनाउँदै उत्तर सिक्किमको दुर्गम क्षेत्र लाचुङमा आज 'लाचुङ म्याराथन' भव्यताका साथ सम्पन्न भएको छ । भारतीय सेनाद्वारा आयोजित यस उच्च हिमाली दौड प्रतियोगितामा स्थानीय ग्रामीण बासिन्दाहरूले ५ किलोमिटर र १० किलोमिटर विधामा सक्रिय सहभागिता जनाएका थिए ।

यस म्याराथनको उद्घाटन सिक्किम सरकारका पर्यटन तथा नागरिक उड्डयन विभागका अध्यक्ष श्री सोनाम नोर्गे लाचुङपाको विशेष उपस्थितिमा गरिएको थियो । कार्यक्रममा भारतीय सेनाका वरिष्ठ अधिकारीहरू र अन्य विशिष्ट व्यक्तिहरूको पनि उपस्थिति रहेको थियो ।

अत्यधिक चिसो, उच्च उचाइ र चुनौतीपूर्ण पहाडी भू-बनोटका बीच आयोजित यस म्याराथनले सहभागीहरूको शारीरिक क्षमता र मानसिक दृढताको कडा परीक्षा लिएको थियो।यस कठोर मौसममा सामान्य बसाइ समेत कष्टकर हुने लाचुङको भुभागमा सहभागीहरूले देखाएको उत्साह प्रशंसनीय थियो ।

"यस कार्यक्रमले दुर्गम क्षेत्रमा नागरिक र सेनाबीचको प्रगाढ सम्बन्ध (Civil-Military Bonding) लाई थप मजबुत बनाएको छ भने स्थानीय बासिन्दाहरूको यस सामुदायिक भावना र राष्ट्रिय पर्वप्रतिको सम्मानलाई पनि उजागर गरेको छ ।

समाचार पूरा भयो